# रुरुक्षेत्र गाउँपालिकाको विनियोजन ऐन - २०८१

रुरुक्षेत्र गाउँपालिका आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केहि रकम खर्च र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

सभाबाट स्वीकृत भएको मितिः २०८१/०३/१०

**प्रस्तावना:**

रुरुक्षेत्र गाउँपालिका आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केहि रकम खर्च गर्ने अधिकार र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम रुरुक्षेत्र गाउँपालिकाको गाउँसभाले यो ऐन तर्जुमा गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम रुरुक्षेत्र गाउँपालिकाको विनियोजन ऐन-२०८१ हुनेछ।
(२) यो ऐन २०८१ साल श्रावण १ गते देखी प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८१/०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**
आर्थिक वर्ष २०८१/०८२ को निम्ति गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ उल्लेखित चालू खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रु. ५६,९१,७८,०००/- (अक्षरुपी छपन्न करोड एकहत्तर लाख बैसठ्ठी हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐन द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त रुरुक्षेत्र गाउँपालिका, वडा समिति, र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त विनियोजन गरिनेछ ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा अपुग हुन देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट अर्को शिर्षकको जम्मा रकमको २५% मा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकमा सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजन रकम व्याज भुक्तानी खर्च शिर्षक बाहेक अन्यत्र सार्न सकिने छैन ।
तर चालू तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।
(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृति रकमको २५% भन्दा बढ्ने गरी एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनुपर्नेछ।

**अनुसूची -१**

दफा २ सँग सम्बन्धित
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संचित कोषबाट विनियोजन हुने रकम

| क.सं. | आम्दानी शिर्षक | प्रस्तावित बजेट | क.सं. | खर्च शिर्षक | |
|---|---|---|---|---|---|
| १ | वित्तीय समानीकरण अनुदान (नेपाल सरकार) | ८ करोड ६५ लाख | १ | संचालन खर्च | ८ करोड ७३ लाख २७ हजार |
| २ | राजश्व बाँडफाँड (नेपाल सरकार) | ७ करोड ६३ लाख | २ | पूर्वाधार विकास | ४ करोड २० लाख १६ हजार |
| ३ | वित्तीय समानिकरण अनुदान प्रदेश सरकार | ५५ लाख ७७ हजार | ३ | आर्थिक विकास | २ करोड १७ लाख ५० हजार |
| ४ | राजश्व बाँडफाँड प्रदेश सरकार | ३५ लाख ९९ हजार | ४ | वन वातावरण तथा विपद् व्यवस्थापन | ५० लाख |
| ५ | आन्तरिक आम्दानी<br>गाउँपालिकाको राजश्व आम्दानी -१ करोड ३९ लाख २८ हजार<br>गाउँपालिकाको अल्या आम्दानी - ३ करोड ३९ लाख | ४ करोड ७८ लाख २८ हजार | ५ | सामाजिक विकास | ४ करोड ३७ लाख ११ हजार |
| ६ | सशर्त अनुदान (नेपाल सरकार | ३० करोड १३ लाख ७४ हजार | ६ | वित्तिय व्यवस्थापन (समपुरक अनुदान तर्फ) | २ करोड ७० लाख |
| ७ | सशर्त अनुदान (प्रदेश सरकार) | ९५ लाख | ७ | सशर्त अनुदान नेपाल सरकार | ३० करोड १३ लाख ७४ हजार |
| ८ | विशेष अनुदान (नेपाल सरकार) | ९० लाख | ८ | सशर्त अनुदान (प्रदेश सरकार) | ९५ लाख |
| ९ | विशेष अनुदान (प्रदेश सरकार) | २५ लाख | ९ | विशेष अनुदान (नेपाल सरकार) | ९० लाख |
| १० | समपुरक कोष अनुदान (नेपाल सरकार) | २ करोड | १० | विशेष अनुदान (प्रदेश सरकार) | २५ लाख |
| ११ | समपुरक कोष अनुदान (प्रदेश सरकार) | ७० लाख | ११ | वडा कार्यालय तर्फ | २ करोड |
| **जम्मा आम्दानी** | | ५६ करोड ९१ लाख ७८ हजार | | **जम्मा खर्च** | ५६ करोड ९१ लाख ७८ हजार |